## सन्दकपुर गाउँपालिका
## स्थानीय राजपत्र
## सन्दकपुर गाउँपालिका

ऐनको नाम : **सन्दकपुर गाउँपालिका, कर र गैरकर राजश्व उठाउने ऐन, २०७६**

**प्रमाणीकरण मिति : २०७६/०३/०४**

**गाउँ सभाबाट स्वीकृत मिति : २०७६/०३/०४**

**प्रस्तावना :** नेपाल संविधानको धारा २२६ को उपधारा (१) बमोजिम सन्दकपुर गाउँपालिकाको समग्र विकासका लागि गाउँपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) को अधिकार प्रयोग गरी सन्दकपुर गाउँपालिकाको पाँचौं सभाले यो कानुन बनाएको छ ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कानुनको नाम **"सन्दकपुर गाउँपालिका, कर तथा गैरकर राजश्व उठाउने ऐन, २०७६"** रहेको छ ।

(२) यो कानुन सन्दकपुर गाउँपालिकाभरि लागू हुनेछ र यस कानुन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा</u> :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानुन बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानुन बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेद-४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) **"कर अधिकृत"** भन्नाले स्थानीय सरकारले दफा-६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) **"कर एकाई"** भन्नाले गाउँपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने गाउँपालिकाको महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।



(ङ) **"करदाता"** भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) **"गैरकर राजश्व"** भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व सम्झनु पर्छ ।

(ज) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सन्दकपुर गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) **"फर्म"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ट) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"सभा"** भन्नाले सन्दकपुर गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(ड) **"स्थानीय सरकार"** भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने सन्दकपुर गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ढ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

**३. <u>व्याख्या</u> :** यो कानुनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानुन व्याख्या सम्बन्धी संघीय ऐन तथा यसै ऐनको दफा-४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

### परिच्छेद-२
### राजश्व सम्बन्धी सामान्य सिद्धान्त

**४. <u>कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त :</u>**
कर राजश्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ ।

(क) कर तिर्न सक्ने क्षमताका आधारमा,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी,

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरी,

(घ) नागरिकलाई सुविधा हुने गरी,

(ङ) स्वेच्छिकरुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरी,

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरी र

(छ) पश्चातदर्शी असर नपर्ने गरी ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र [illegible] आधार मानी लगाइने र उठाइनेछ ।

## परिच्छेद-३
## कर प्रशासन सम्बन्धी व्यवस्था

**५.** **कर प्रशासन** : सन्दकपुर गाउँ कार्यपालिकाको कर प्रशासन देहायानुसार सञ्चालन हुनेछ :

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन सन्दकपुर गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकताअनुसार कर तथा राजस्व शाखा वा एकाई नै रहन सक्नेछन् ।

**६.** **कर्मचारी सम्बन्धी व्यवस्था** : कर तथा राजस्व शाखा वा इकाईमा देहायानुसार कर्मचारी रहनेछन् :

(१) स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर तथा राजस्व शाखा वा एकाईमा रहन सक्नेछन् ।

(२) कर तथा राजस्व शाखा वा कर एकाईमा कानुन बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सकिनेछ ।

**७.** **कर अधिकृतको काम, कर्तव्य र अधिकार** : यस कानुनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैरकर राजश्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानुन र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा सन्दकपुर गाउँपालिकालाई सुझाव दिने ।

(झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८.** **अधिकार प्रत्यायोजन** : (१) सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कानुन बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।



(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा गाउँ कार्यपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९.** **प्रत्यायोजित अधिकार र जिम्मेवारी** : (१) दफा ८ बमोजिम प्रयायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-४
## कर राजश्व सम्बन्धी व्यवस्था

**१०.** **एकिकृत सम्पत्ति कर** : (१) सन्दकपुर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको एकिकृत सम्पत्ति कर लगाउने भनी गाउँपालिकाको आर्थिक ऐनले तोकेको दरमा कर उठाउने छ । घर सहित घरले चर्चेको १२ आना जग्गाको स्वघोषित मूल्यमा एकिकृत सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) सन्दकपुर गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक बर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(३) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ-

(क) घरको वनोट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो बाटो प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी तथा घर र जग्गाको प्रचलित बजार मूल्य ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) घरको मूल्याङ्कन गर्दा अनुसूची-१ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(४) उपदफा (३) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ-

(क) स्थानीय सरकारले तोकेको ईञ्जिनियर वा प्राविधिक- संयोजक

(ख) स्थानीय सरकारले तोकेको घरजग्गा सम्बन्धी विज्ञ एक जना- सदस्य

(ग) कर एकाईको प्रमुख- सदस्य सचिव

(५) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक पाँच बर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ-

(क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(९) करदाताले प्रत्येक बर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र सन्दकपुर गाउँपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(१०) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(११) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**११. घर बहाल कर :** (१) सन्दकपुर गाउँपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनोट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा आय रकमको गाउँपालिकाको आर्थिक ऐन अनुसार घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिँदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैतीस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, ऐजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम करकट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

~~(५) उपदफा (४) बमोजिम अग्रीम करकट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल कर~~ करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नुपर्नेछ ।



(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र पेश गर्नुपर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक बर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घरधनीलाई घर बहाल करमा १०% (दश) प्रतिशत छुट दिइनेछ ।

**१२. घरजग्गा रजिष्ट्रेशन शुल्क :**(१) तोकिएअनुसारको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क सन्दकपुर गाउँपालिकाले उठाउन सक्नेछ ।

(२) सन्दकपुर गाउँपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्कको ४०% (चालीस) प्रतिशत रकम सन्दकपुर गाउँपालिकाको संचित कोषमा दाखिला गरी बाँकी ६०% (साठी) प्रतिशत रकम प्रदेश संचित कोषमा मासिकरुपमा दाखिला गर्नुपर्नेछ ।

(३) इलाम नगरपालिका क्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोवारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूतनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको २% (दुई) प्रतिशत हुनेछ । (७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला, दलित, अपाङ्ग, पूर्ण अशक्त नागरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कका २५% प्रतिशत रकम छुट हुनेछ ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(९) सन्दकपुर गाउँपालिकाले घर, जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. <u>सवारी साधन कर</u> :** टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सन्दकपुर गाउँपालिकाको आर्थिक व्यवस्थापन ऐन तथा प्रचलित कार्यविधि अनुसारको दरअनुसार लगाउने र संकलन हुनेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पांग्रे, तीनपांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(३) यस दफा बमोजिमको लगाइएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) प्रत्येक बर्षको आश्विन मसान्त भित्रमा सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गरिसक्नु पर्नेछ ।

**१४. <u>भूमिकर (मालपोत)</u> :** (१) स्थानीय सरकार सञ्चालन (संशोधनसहित) ऐन, २०७४ को दफा ५६ अनुसारको भूमिकर (मालपोत) सन्दकपुर गाउँपालिका, आर्थिक ऐन अनुसारको दरमा सन्दकपुर गाउँपालिकाले लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर ( मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका तथा गाउँपालिका र कुटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्नेछैन । यस व्यवस्थाले व्यावसाय वा फोहरमैला व्यवस्थापन सेवा शुल्क लगाउन तथा उठाउन रोक लगाएको मानिने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा गाउँ



कार्यपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेश गर्न पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) गाउँ कार्यपालिकाटले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक बर्ष आश्विन महिनाभित्र कर तथा राजस्व शाखा वा कर एकाई वा सम्बन्धित वडा कार्यालय वा तोकिएको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) गाउँ कार्यपालिकाले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली गाउँपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१५. <u>विज्ञापन कर</u> :** (१) सन्दकपुर गाउँपालिकाले सूचनापाटी (होडिङ्ग बोर्ड) लगायत व्यवसाय प्रबर्द्धन गर्न प्रयोग गरिने सूचना समेतमा सन्दकपुर गाउँपालिका, आीर्थक ऐन अनुसारको दरमा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) सन्दकपुर गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन (संशोधनसहित) ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असुल भएको विज्ञापन कर रकम मध्ये सन्दकपुर गाउँपालिकाले लगाएको विज्ञापन करको ४०% प्रतिशत रकम सन्दकपुर गाउँपालिकाको संचित कोषमा दाखिला गरी बाँकी ६०% प्रतिशत रकम प्रदेश संचित कोषमा मासिकरुपमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्नु अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिनेछ ।

(४) यस ऐन बमोजिम असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर तथा राजस्व शाखा वा कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न गाउँपालिकाबाट अनुमति



लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिँदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क सौन्दर्य बिगार्न नहुने कुरा,

सामाग्रीको भाषिक शुद्धता र शालिनता जस्ता शर्त किटान गरिएको हुनुपर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटी (होडिङ्ग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति ( पोल आदि) मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्नेछैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

**१६. <u>व्यवसाय कर</u> :** (१) सन्दकपुर गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्तामा र नविकरणमा बार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा सञ्चालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनुपर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ (पाच) बर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १०% प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्ने भएमा त्यसको कारण परेको मितिले ६० (साठी) दिन भित्र कर एकाइमा जानकारी दिनुपर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न ३० दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालनमा रहेको मानी कर असुल गरिनेछ ।



(७) कुनै करदाताले [illegible] खारेज गर्न निवेदन दिन सक्नेछ ।

(८) सन्दकपुर गाउँपालिका क्षेत्र भित्र व्यवसाय दर्ता नगराई र व्यवसाय कर चुक्ता नगरी व्यवसाय सञ्चालन गर्न पाइनेछैन ।

(९) उफदफा (८) बमोजिम व्यवसाय दर्ता र कर चुक्ता नगर्ने व्यवसायीलाई दर्ता गरी कर चुक्ता गर्न ३० (तीस) दिनको म्याद दिइनेछ । सो म्याद भित्र दर्ता नगर्ने व्यवसायीको व्यवसाय गाउँपालिकाले व्यवसाय बन्द गर्न सक्नेछ ।

## परिच्छेद-५

## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१७. <u>करदाताको पहिचान तथा दर्ता</u> :** (१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर तथा राजस्व शाखा वा कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उफदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर तथा राजस्व शाखा वा कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही नम्बरको प्रयोग गर्नुपर्नेछ ।

**१८. <u>करदाताको दायित्व</u> :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ-

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने ।

(छ) कर एकाइलाई आवश्यक सहयोग गर्ने ।

**१९. <u>करदाताको अधिकार</u> :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ ।



(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलिन कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ ।

**२०. करदाताको प्रतिनिधित्व :**(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानुन व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखितरुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

(२) उफदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयम्ले गरेको मानिनेछ ।

## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धी व्यवस्था

**२१. विवरण दाखिला गर्न आदेश दिन सक्ने :**(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नुपर्नेछ ।

(२) उफदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृले ३० (तीस) दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**२२. विवरण सच्याउन सकिने :** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भैसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिल भएको मितिले ३ (तीन) महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद-७
## कर दाखिला सम्बन्धी व्यवस्था

**२३. कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद-४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक बर्षको आश्विन मसान्तभित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम करकट्टी गरी दाखिला गर्नुपर्ने कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।



**२४. कर दाखिलाको निस्सा दिनुपर्ने :** करदाताले यस ऐन बमोजिम बुझाउनुपर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनुपर्नेछ ।

## परिच्छेद-८
## कर फिर्ता र समायोजन

**२५. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर फिर्ता माग गर्न सक्नेछ ।

(२) उफदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमाजिम फिर्ता दिने निर्णय गर्नुपर्नेछ ।

**२६. कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकतृले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनुपर्नेछ ।

## परिच्छेद-९
## कर परीक्षण र कर निर्धारण

**२७. कर परीक्षण र कर निर्धारण :**(१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुटा कागजात/विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोवारकार आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानुन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार कारण खुलाई आफ्नो स्पष्टकिरण पेश गर्न ३० (तीस) दिनको सूचना दिनुपर्नेछ ।

(३) उफदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले ४ (चार) बर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

**२८. कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनुपर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नुपर्नेछ ।

(३) उफदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-१०
## कर संकलन सम्बन्धी व्यवस्था

**२९. कर संकलन सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेश्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गर्न लगाएर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोवार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।



(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप ५% प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम ६० (साठी) दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३०. किस्ताबन्दीमा कर असुली :** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा गरी बढीमा एक बर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर, ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुनेछैन ।

## परिच्छेद-११
## जरिवाना, शुल्क र ब्याज

**३१. जरिवाना लाग्ने** : यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको १०% प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३२. व्याज लाग्ने** : यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक १०% प्रतिशत व्याज लाग्नेछ ।

**३३. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु.५००।- शुल्क लाग्नेछ ।

**३४. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने** : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.५००।- शुल्क लाग्नेछ ।

**३५. झुट्टा विवरण दिएमा शुल्क लाग्ने** : यस ऐनबमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को १०% प्रतिशत शुल्क लाग्नेछ ।

**३६. व्याज नलाग्ने :** यस ऐनबमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुनः व्याज लाग्नेछैन ।

## परिच्छेद-१२
## पुर्वादेश र प्रशासकीय पुनरावलोकन



**३७. पुर्वादेश माग गर्न सक्ने :**(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिनेछैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

**३८.** **प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ :

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

**३९.** **प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिन भित्र कारवाही र किनारा गर्नुपर्नेछ ।

## परिच्छेद-१३

## पुनरावेदन

**४०.** **उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

**४१.** **पुनरावेदन दिन सक्ने :**(१)प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्नेले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१४

## गैरकर राजश्व

**४२.** **सेवा, शुल्क तथा दस्तुर :**सन्दकपुर गाउँपालिकाले संविधानको अनुसूची-८ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत गाउँपालिकाको सन्दकपुर गाउँपालिकाको आर्थिक ऐन अनुसार सेवा शुल्क तथा दस्तुर लगाई राजस्व लगाउन तथा उठाउन सक्नेछ ।



**४३.** **पार्किङ्ग शुल्क :** गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग स्थल तथा राजमार्ग बाहेकको स्थानमा आर्थिक ऐन अनुसारको दायरा र दरमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्नेछ । तर, राष्ट्रिय र प्रादेशिक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस प्रकारको पार्किङ्ग शुल्क लगाउन उठाउन पाउनेछैन ।

**४४.** **बहाल विटौरी शुल्क :** गाउँपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा आर्थिक ऐनले तोकेको दररेट अनुसार बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

**४५.** **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क :** नगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोवारमा प्रचलित वन नियमावली तथा सन्दकपुर गाउँपालिकाको आर्थिक ऐन अनुसार शुल्क लगाई उठाउन सक्नेछ ।

**४६.** **मनोरञ्जन कर र केवलकार शुल्क :** (१)गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसायमा गाउँपालिकाको आर्थिक ऐनले तोकेको व्यवसाय कर उठाउन सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन भएका केवलकारमा शुल्क लगाई उठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरणसाथ कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

**४७.** **पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट आर्थिक ऐनले तोकेको शुल्क लगाउने र असुल गर्नेछ । आफ्नो क्षेत्र भित्र सञ्चालन भएका डुंगा परिवहन (बोट सेवा) मा गाउँपालिकाको आर्थिक ऐन अनुसार शुल्क लगाई उठाउन सक्नेछ ।

**४८.** **ट्रेकिङ,कायोकिङ,क्यानोइङ,बञ्जी जम्पिङ,जिप फ्लायर र र्‍याफ्टीङ शुल्क :** गाउँपालिकाले सन्दपुर गाउँपालिकाभित्र ट्रेकिङ,कायोकिङ,क्यानोइङ,बञ्जी जम्पिङ,जिप फ्लायर र र्‍याफ्टीङ सेवा वा व्यवसाय सञ्चालनमा गाउँपालिकाको आर्थिक ऐन अनुसार शुल्क उठाउन सक्नेछ ।

**४९.** **अन्य शुल्क लगाउन सक्ने :** (१) गाउँपालिकाले अनुसूची-२ मा उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) स्थानीय सरकार संचालन ऐन, अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को विपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोसजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण गाउँ कार्यपालिकाले त्यस्तो निर्णय भएको मितिले ७ (सात) दिनभित्र गाउँसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ।

**५०. छुट वा मिनाहा :** (१) गाउँ कार्यपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउनेछ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-१५
## समन्वय सम्बन्धी व्यवस्था

**५१. नेपाल सरकारसँग समन्वय :**(१) गाउँपालिकाले संघीय कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।



**५२. प्रदेश सरकारसँग समन्वय :** (१) गाउँपालिकाले प्रदेश कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचमिा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

**५३. केन्द्रीय बैंकसँग समन्वय :** गाउँपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

**५४. अन्य निकाय, कार्यालय र संस्थासँग समन्वय :** गाउँपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ।

## परिच्छेद-१६
## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

**५५. राजश्व सम्बन्धी नयाँ प्रस्ताव :** गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्नेछ।

**५६. सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस कानुन बमोजिम स्थानीय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नुपर्नेछ। कार्यालयको आधिकारिक वेभ साइट, फेसवुक, राजपत्र वा पुस्तकाकार समेतलाई सार्वजनिक सूचना मानिनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई गाउँपालिकाको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गाउँपालिकाले कर र राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालमि समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

**५७. <u>विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने</u> :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५८. <u>ठेक्कामा लगाउने वा लगाउन नपाइने</u> :**गाउँपालिकाले आर्थिक ऐन अनुसार लगाउन र उठाउन तोकिएका सेवा, शुल्कबाहेक, कुनै कर वा राजश्व ठेक्का लगाई उठाउन पाइने छैन ।

**५९. <u>साझेदारीमा सेवा शुल्क उठाउन सकिने</u>** : सार्वजनिक निजी साझेदारीको अवधारणामा निर्मित संरचनाको सेवा शुल्क वा महसुल कानुनअनुसार संगठित वा स्थापित कुनै प्रतिनिधिमूलक निकाय वा सँस्थासँगको साझेदारीमा उठाउन सकिनेछ ।

**६०. <u>अनुसूचीमा हेरफेर</u> :**औचित्यका आधारमा गाउँ कार्यपालिकाबाट यस ऐनको अनुसूचीमा आवश्यक हरेफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

**६१. <u>कागजातको ढाँचा</u> :**(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएकोमा गाउँपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाइट र स्थानीय पत्र पत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६२. <u>सूचना तामेली रीत पुगेको मानिने</u> :** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ :



(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानुन व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(छ) स्थानीय संचार माधयम ।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

**६३. <u>कागजातको अभिलेख राख्ने</u> :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ :

(क) यस ऐन बमोजिम गाउँपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्टयाई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(घ) गाउँपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ (चार) बर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

**६४. <u>अदालतलाई भए सरहको अधिकार हुने</u> :** यस ऐनको प्रयोजनको लागि गाउँकार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६५. <u>आदेश वा निर्देशन दिन सक्ने</u> :** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपाल संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानुन र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ ।

**६६. <u>कर अधिकृतको परिचय पत्र</u> :** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत



र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६७. <u>विभागीय कारवाही र सजाय हुने</u> :** (१)कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति

वा करदातालाई हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुनबमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी वा तोकिएको निकायसमक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि ३ (तीन) महिना भन्दा बढी हुनेछैन ।

**६८. <u>पुरस्कृत गर्न सक्ने</u> :** (१) गाउँपालिकाले यथार्थपरक र विश्वासनीय रुपमा तथा कानुनले तोकेको म्यादभित्र कर विवरण बुझाउन, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलब्ध गराउने ३ ( तीन) जना करदातालाई प्रत्येक बर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

**(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।**

**६९. <u>म्याद, हदम्याद नजाने</u> :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ :

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि ।



(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

**७०. <u>नियमावली, निर्देशिका वा दिग्दर्शन (म्यानुयल) बनाउने अधिकार :</u>** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका वा दिग्दर्शन वा कार्यविधि बनाउन सक्नेछ ।

**७१. <u>खारेजी र बचाउ</u> :** सन्दकपुर गाउँपालिकाबाट राजस्व संकलनसम्बन्धी भए गरेका कार्य यसै ऐनअनुसार भए गरेको मानिनेछ । यस ऐनसँग बाझिएका व्यवस्थाहरु स्वतः खारेज हुनेछन् ।

## अनुसूची-१

**(दफा १० उपदफा (४) को (घ) सँग सम्बन्धित)**

**ह्रासकट्टी गर्ने तरिका**

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका समान कट्टी तरिका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्स्टालमेण्ट मेथड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ ।

***<u>सुत्र :</u>***

**ह्रासकट्टी रकम = <u>सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमानित शेष मूल्य</u>**
**सम्पत्तिको आयु (बर्ष)**

***<u>उदाहरण :</u>***

कुनै सम्पत्तिको मूल्य शुरुमा रु.१०,००,०००।- छ । यसको आयु २० बर्ष छ । २० बर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु.२,००,०००।-आउँछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

ह्रासकट्टी रकम = <u>१०,००,००० - २,००,०००</u>
२०
= <u>८,००,०००</u>
२०
= ४०,०००।-

(प्रतिबर्ष रु.४०,०००।- ह्रासकट्टी खर्च घटाउन पाइन्छ । )



## अनुसूची-२

**(दफा ४९ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>गाउँपालिकाले शुल्क लगाई उठाउन सक्ने विषयक्षेत्र</u>**

१. खानेपानी, धारा, पोखरी र घाट
२. बिजुली

३. टेलिफोन
४. वातावरण,फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. शौचालय, स्नान गृह
६. सार्वजनिक पार्क
७. हाटबजार
८. पशु बधशाला
९. अतिथि गृह र छात्रवास
१०. अचल सम्पत्ति मूल्याङ्कन शुल्क
११. मर्मत सुधार (आफूले निर्माण गरेका यसमा उल्लेखित सडक, चर्पी, भ्यूटावर, सिटी हल, साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)
१२. गाउँसभाले निर्धारण गरेका अन्य शुल्कहरु,
१३. विभिन्न सिफारिस शुल्क तथा दस्तूरहरु,
१४. चार किल्ला प्रमाणित,
१५. अंग्रेजी कागजहरु,
१६. विभिन्न लिखतहरु र
१७. अन्य ।